# लेखापरीक्षण प्रतिवेदन

# दुल्लु नगरपालिका, दैलेख

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# दुल्लु नगरपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/108

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
दुल्लु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दैलेख।

## कैफियतसहितको राय

हामीले दुल्लु नगरपालिका, दैलेखको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२० करोड २० लाख ४६ हजार, गरिवसंग विश्वेश्वर कार्यक्रमको रु. २ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १० लाख २४ हजार, राष्ट्रपती महिला

सशक्तिकरण कार्यक्रमको रु.२ लाख आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु. ९ लाख ६० हजार समेत रु. २० करोड ४४ लाख ४५ हजार समावेश गरेको छैन ।

२.नगरपालिकाको रु. १ अर्व ९१ करोड ५७ लाख ९० हजारको लेखापरीक्षण गरिएकोमा रु. ५ करोड १३ लाख ३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ६२ लाख ७३ हजार फर्स्यौट भई बाँकी बेरुजू रु. ४ करोड ५० लाख ३० हजार मध्ये असुल गर्नुपर्ने रु. ४३ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. २ करोड २१ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६७ लाख ६५ हजार र पेस्की बाँकी रु. १७ लाख ३३ हजार रहेको छ।गत वर्षसम्म रु. ३४ करोड १८ लाख १० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु. ३ लाख १८ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. ३८ करोड ६५ लाख २२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाको वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु र सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५४ | १५९ | ५,१३,०३,३८५ | ० | ६० | ६२,७३,३२२ | ० | ५४ | ९९ | ४,५०,३०,०६३ | ४३,५६,३१७ | १,६७,६५,४२२ | २,२१,७५,५२४ | ० | ० | ३,८९,४०,९४६ | १७,३२,८०० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | ३४,१८,०९,९८४ | ० | ३,१७,८१० | ३४,१४,९२,१७४ | ० | ४,५०,३०,०६३ | ३८,६५,२२,२३७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४९ | सामाजिक सुरक्षाको निकासा फिर्ता | ९,५२,२०० |
| २ | २०८०/८१ | ३८ | सामाग्रि वितरणको बैठक भत्ता | ८,९२५ |
| ३ | २०८०/८१ | ६४ | विलमा सामान खरिदको परिमाण नखुलेको | २३,५६,०५० |
| ४ | २०८०/८१ | ३७ | विल भरपाई पेश नभएको | ४,८७,५०० |
| ५ | २०८०/८१ | ५४ | बढी भुक्तानी | ३,७०,४५६ |
| ६ | २०८०/८१ | ४३ | प्रमाण तथा कागजात पेश हुनुपर्ने | ५,५०,००० |
| ७ | २०८०/८१ | ३२ | पदाधिकारी बैठक भत्ता | १,५४,२७५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | २९ | न्यायिक समितिको बैठक भत्ता | ५१,४२५ |
| ९ | २०८०/८१ | ६३ | नापी कितावमा नभएको | २,४१,१८३ |
| १० | २०८०/८१ | ४०.३ | नगरपालिका शिक्षा तर्फ | ७६,२२९ |
| ११ | २०८०/८१ | ४५ | दोहोरो तलब भुक्तानी | ३२,९०२ |
| १२ | २०८०/८१ | ३१ | करारका कर्मचारीलाई अवकास योगदान थप | ७,१६,७७५ |
| १३ | २०८०/८१ | ३६ | अस्थायी अनुमतिपत्र वितरण बैठक भत्ता | ३९,९५० |
| १४ | २०८०/८१ | २१ | पेश्की | २०,००० |
| १५ | २०८०/८१ | २०.१ | कर तथा शुल्क असुली | २,१५,४५२ |
| १६ | २०७९/८० | ४९ | संघीय सरकार समपुरक अनुदान | २,१०,१४३ |
| १७ | २०७९/८० | ४७ | डाक्टरको निवास निर्माण | १,०७,६६७ |
| जम्मा | | | | ६५,९१,१३२ |

# (८०६६७४०३३०० - दुल्लु नगरपालिका, दैलेख)

## परिचय

१ .

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस दुल्लु नगरपालिकाको कार्यालयको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दुल्लु नगरपालिकाको उद्वेश्य रहेको छ । यस दुल्लु नगरपालिका अन्तर्गत १३ वडा ६८ सभा सदस्य १५६.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९ हजार १४३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।२३ देखि २०८१ ।८।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय व्ययतर्फ रु.१,९१,५७,९०,७८८।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको रु. ५९६८४ असुल भइ स्थानीय संचितकोषमा दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहायबमोजिम छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क्र.स./ सङ्केत | विवरण | चालु आ.ब.को कारोवार | गत आ.ब.को कारोवार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ११०६२८७४० | ९७७२२६०५ |
| १३००० | अनुदान | ५२१३४८०३२ | ६२७७९४८०० |
| १४००० | अन्य राजस्व | ४६६९१००५ | ३८६८८४४ |
| क | **कुल जम्मा प्राप्ति** | ६७८६६७७७७ | ७२९३८६२५० |
| ३ | चालु | ४६०५०४८४६ | ५२४३४५६८५ |
| २१००० | पारिश्रमिक / सुविधा | ३०९९७४५५० | ३०५७८५९२४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८८३९५७५७ | ८५३४३००० |
| २५००० | सहायता (Subsidy) | ५०२३२८०१ | ७६०८९३११ |
| २६००० | अनुदान | ९७७००० | ० |
| २७००० | सामाजिक सुरक्षा | १०१३८२५८ | १३१९१६०८ |
| २८००० | अन्य खर्च | ७८६४८० | ४३९३५८४३ |
| ४ | पूंजीगत | २३३९१४९६७ | २६२०९९६४० |
| ३१११० | भवन तथा संरचना | ६३६६३१६१ | ७६९७१६१८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १२४६८७१८ | ७६२३८१४ |
| ३११३० | अन्य पूँजीगत खर्च | २५४९०२६ | ५३८३५० |
| ३११५० | सार्वजनिक निर्माण | १५५१६०३६९ | १७६९६५८५८ |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ७३६९३ | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ६९४४१९८१३ | ७८६४४५३२५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -१५७५२०३६ | -५७०५९०७६ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | -३९१६७४५ | -४४७८६८५४ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | -२९४३९ |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | -१९६६८७८१ | -१०१८४५९३० |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ७४४६९१९२ | १७६३१५१२२ |
| छ) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च)** | ५४८००४११ | ७४४६९१९२ |

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाको प्राप्ती र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदनमा संघ र प्रदेशवाट प्राप्त निम्नानुसारको आम्दानी र खर्च समावेश भएको देखिएन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक

अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| शिर्षकको नाम | निकासा खर्च |
|---|---|
| **कोष तथा लेखा नियनत्रक कार्यालयबाट प्राप्त** | |
| सामाजिक सुरक्षा तथा संरक्षण | २०२०४६१४१ |
| गरिवसंग विश्वेवर कार्यक्रम | २१५००० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १०२४००० |
| राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० |
| **जम्मा** | **२०३४८५१४१** |
| **प्रदेश लेखा ईकाइ कार्यालबाट प्राप्त** | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९६०००० |
| **जम्मा** | **९६००००** |
| **कूल जम्मा** | **२०४४४५१४१** |

२.२ **फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी, यस वर्षको प्राप्ति, यस वर्षको भुक्तानी र बाँकी मौज्दात फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकिकृत आय व्यय विवरण अनुसार | ७४७६३८९४ | ९४७९११३३४ | ९६७८७९४५४ | ५४७९५७७४ |
| सुत्रको विवरण (म.ले.प.फा.नं. २७०) अनुसार | ७४४६९१९२ | ६७८६६७७७७ | ६९४४१९८१३ | ५४८००४११ |
| **फरक** | **२९४७०२** | **२६९२४३५५७** | **२७३४५९६४१** | **४६३७** |

२.३ **अन्य कोषतर्फ :** पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा धरौटी, प्रकोप व्यवस्थान कोष र विविध खर्च खाता तर्फको आम्दानी रु. १,४६,४९,१७७।- र खर्च रु. १,८५,६५,९२३।- समावेश भएको छैन । पालिकाले धरौटी, विविध खर्च र अन्य कोषतर्फको आम्दान र खर्च समेतलाई समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाको गत बर्षको लेखापरीक्षणको अन्तिम प्रतिवेदन अनुसार अन्तिम मौज्दात रु. ७,५५,७३,४७५।- रहेकोमा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यो वर्षको शुरु मौज्दात रु.७,४४,६९,१९२।- मात्र जिम्मेवारी सारेको देखिएकोले फरक जिम्मेवारी सारेको रु. ११,०४,२८२।- को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम

पालिकाले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले वार्षिक रुपमा मात्र हिसाब मिलान गरेको देखिन्छ । पालिकाले पेश गरेको स्रेस्ता र वैंक वीच देहाय अनुसारको फरक परेकोले उक्त फरक रकमको हिसाव मिलान गर्नुपर्दछ साथै मासिक रुपमा प्रत्येक खाताको बैङ्क हिसाब मिलान गर्ने तर्फ ध्यान जानुपर्दछ ।

| खाता | स्रेस्ता अनुसारको मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | ४६३७ | ० | ४६३७ |
| विविध कोष खाता | ३४३२२०६ | ३४३२२०६ | |
| स्थानीय तह धरौटी खाता | १०८२८७८१ | १०८२८७८१ | |
| स्थानीय तह सञ्चित कोष खाता | ३८२९०८०२ | ३८२८६६५७ | |
| स्थानीय तह विविध कोष खाता | २१५६६७ | २१५६६७ | ४१४५ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६४६५१३ | १६४६५१३ | |
| स्थानीय तह आकस्मिक कोष खाता | ३८१८०५ | ३८१८०५ | |
| **जम्मा** | **५४८००४११** | **५४७९१६२९** | **८७८२** |

३ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय हस्तान्तरणको बजेट, खर्च, बाँकी र फिर्ताको विवरण अनुसार खर्च नभई बाँकी रहेको संघ तर्फको रु. ४,२१,८४,८१६.३२ र प्रदेशतर्फको रु. ८२,६३,७६१.७९ समेत जम्मा रु.५,०४,४८,५७८.११ संघीय र प्रदेश संचितकोषमा फिर्ता गरेकोको देखिन्छ ।

४ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ९२ करोड ८३ लाख ५६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२२ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८०।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **खर्च बिश्लेषण**

पालिकाले यसबर्ष आन्तरिक आयबाट रु. ९४ लाख ३७ हजार, राजस्व बाँडफाँटबाट रु. १० करोड ८६ लाख ४७ हजार, अनुदानबाट रु. ५२ करोड १३ लाख ४८ हजार र स्थानीय तह पुर्वाधार कार्यक्रमबाट रु. ३ करोड ८९ लाख ३५ हजार समेत रु. ६७ करोड ८३ लाख ६७ हजार आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ४६ करोड ५ लाख ४ हजार र पूँजिगत तर्फ रु. २३ करोड ३९ लाख १५ समेत कुल रु. ६९ करोड ४४ लाख १९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३६ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १ करोड ८३ लाख ८६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९४ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६६.३२ प्रतिशत चालु र ३३.६८ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४९७८००० | ३१५१७४८१ | ७०.०६ |
| २ | सामाजिक विकास | ४५३१३३६७४ | ३८४७३८२३८ | ८४.९१ |
| ३ | पूर्वाधार विकास | १५३२५३४७५ | ११९५३२२०६ | ७८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५३०५९४२६ | ४८३००३५५ | ९१.०३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १४०७८६६८५ | ११०३३१५३२ | ७८.३७ |
| जम्मा | | ८४५२११२६० | ६९४४१९८१२ | ८२.१५ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासनको क्षेत्रमा सबैभन्दा बढी ९१.०३ प्रतिशत र सबै भन्दा कम आर्थिक विकासमा ७०.०६ प्रतिशत तथा पुर्वाधार विकास क्षेत्रमा ७८ प्रतिशत खर्च भएको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार विकासको क्षेत्रमा बढी बजेट विनियोजन गरी खर्च गर्ने व्यबस्था गर्नुपर्दछ ।

८ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्ने सकिने व्यवस्था छ । पालिकाको सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमा कार्यपालिकाको निर्णय अनुसार १५७ शिर्षक/कार्यक्रममा बजेट घटाई २४४ शिर्षक/कार्यक्रममा वजेट बढाई रु. १४ करोड २५ लाख ५३ हजार वजेट बढाएको देखिन्छ । पालिकाले स्थानीय पुर्वाधारको कार्यक्रम थप भएको वजेट बढाउनुपरेको जनाएको छ । कार्यपालिकाको पटक पटकको निर्णय अनुसार सभाले पारित गरेको कार्यक्रम नगरी रकमान्तर गर्ने, श्रोतान्तर गर्ने, योजना परिवर्तन गर्ने तथा योजनामा छुट्याईएको रकम सम्बन्धित योजना कार्यान्वयन नगरी सोही योजनाको नामबाट बजेट खर्च लेखि अन्य योजना तथा कार्यक्रम गर्ने गरेको देखियो । सभाले स्वीकृत गरेको कार्यक्रम परिवर्तन गर्ने पटके निर्णयवाट रकमान्तर र श्रोतान्तर गर्ने तथा एक योजनामा छुट्टयाईएको बजेट सोही योजनाको नामवाट बजेट खर्च लेखि अन्य योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र

वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल ३९० योजनामा वजेट विनियोजन गरेको छ।

| विवरण | जम्मा योजना सङ्ख्या | रु. २० लाखमाथिका | रु. ५ लाख देखि २० लाख सम्म | रु. ५ लाख भन्दा कम |
|---|---|---|---|---|
| पालिकास्तरीय | ११५ | २७ | ५२ | ३६ |
| वडासत्रीय | २८१ | ० | ० | २७५ |
| जम्मा | ३९० | २७ | ५२ | ३११ |
| कार्यान्वयन नभएको | ३२ | ० | ० | ३२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (हजारमा) | | | | असार महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजिगत खर्चतर्फ | २३३९१५ | ११८१६ | २०३२७ | ७०४१४ | १३१३५८ | ८३५०६ |
| प्रतिशत | १०० | ५.०५ | ८.६९ | ३०.१० | ५६.१६ | ३५.७० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौथो त्रैमासिकमा कुल पुँजिगत खर्चको ५६.६१ प्रतिशत र असार महिनामा मात्र ३५.७० प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले अन्तिम त्रैमासिक अर्थात आर्थिक बर्षको अन्तमा मात्र पुँजिगत खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।

## ११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको भएता पनि आन्तरिक नियन्त्रण सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन ।
- सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनुवाई सीमित गरेको अवस्था छ ।
- पालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन र भ्रमण अभिलेख खाता पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण तथाअनुगमन वापत रु. ६५ लाख ५९ हजार खर्च लेखेकोमा कतिपय भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन साथै भ्रमण उपलब्धिको मूल्याङ्कन समेत गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिका र वडा कर्यालयसमेतले रू. ३० लाख ८८ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भर्पाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।

सर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १२ **सेवा प्रवाहको स्थीति**

पालिकाबाट प्राप्त सेवा प्रवाहको विवरण अनुसार यो वर्ष जन्म दर्ता ५३२८ वटा, मृत्यु दर्ता १२९४ वटा, बसाइँसराइ ५४९ वटा, विवाह दर्ता १९५४ वटा र सम्बन्ध विच्छेदका ५३ वटा निवेदन दर्ता भइ सेवा प्रवाह भएको देखिन्छ । त्यस्तै ग्राभेल सडक निर्माण कार्य २ किलो मिटर र ग्राभेल सडक मर्मत कार्य १.५ किलो मिटर भएको देखिन्छ । पालिकाले सूचना प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

## १३ **ऐनको कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा पालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा पालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले कतिपय कार्यक्रम सभाबाट स्वीकृत भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।पालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट सभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।पालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

## १४ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ६ वटा ऐन, १ वटा नियमावली, २ वटा निर्देशिका, १ मापदण्ड र १७ वटा कार्यविधि गरी २७ वटा कानून निर्माण

गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले निर्माण गरेका कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा दर्ता भएका १९ वटा मुद्दा मध्ये १० मुद्दा फर्छ्यौट भई ९ मुद्दा फर्छ्यौट हुन बाँकी रहेको देखिन्छ । अत: दर्ता भएका मुद्दाको पछ्यौंटतर्फ ध्यान दिनुपर्दछ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१७ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

१८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१९ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्थाहरु दर्ता भई कार्यरत रहेको विवरण प्राप्त भएको छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

२० **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा विभिन्न कर तथा शुल्क उठाउने व्यवस्था रहेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

२०.१ **राजस्व बाँडफाँडको रकम**

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२१५,४५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२०.२ **आयको अनुमानः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष बिभिन्न शिर्षकमा गरेको आयको अनुमान र असूलीको अवस्था निम्नानुसार छ ।

| **आय शिर्षक संख्या** | **अनुमान** | **असुली** |
|---|---|---|
| २५ | २१५४३३५२ | ९४३७२५० |

पालिकाको सुत्रको आन्तरिक राजस्वको आम्दानीको प्रतिवेदन अनुसार यस बर्ष अनुमान गरेको आयको तुलनामा ४३.८१ प्रतिशतमात्र आय प्राप्त भएको देखिन्छ ।पालिकाले आय अनुमान गरेको ३ शिर्षकमा शुन्य आय प्राप्त भएको र १३ शिर्षकमा आय अनुमान नगरेकोमा उक्त शिर्षकमा आय प्राप्त भएको देखियो । जस अनुसार पालिकाले गरेको आय अनुमान यथार्थ परक छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले आयको यथार्थ परक अनुमान गरी आन्तरिक आय बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

२०.३ **रसिद नियन्त्रण खाता :** पालिकाले राजस्व आम्दानीको लागि महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राजस्व आम्दानीको लागि प्रयोग गरिने नगदि रसिद नियन्त्रण खाता (म.ले.प.फा.नं. ९०४) तयार गरेको देखिएन । पालिकाले रसिद नियन्त्रण खाता तयार नगरेका कारण गत वर्षको नगदि रसिदको ठेली, यस बर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेलीको संख्या एकिन गर्न सकिएन । अत पालिकाले नगदी रसिद नियन्त्रण खाताको अभिलेख राखी राजस्व असूली तथा दाखिलालाई व्यवस्थित गर्नु पर्दछ ।

२०.४ **आयको ठेक्का :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम पालिकाले ढुङ्गा, गिटी र वालुवाको आय ठेक्का मार्फत असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्काको लागि वोलपत्र आह्वान गरेता पनि सम्झौता हुन नसकेका कारण वडा कार्यालयहरुबाटनै आय असुल गरेको देखिन्छ । पालिकाले ठेक्का मार्फत आय असुली नगरी अमानतवाट राजस्व असुली गर्दा प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको एकिन गर्न सकिने अवस्था नभएकोले उक्त कार्यलाई नियन्त्रण गरी ठेक्का मार्फत मात्र कार्य गराउनुपर्दछ ।

२०.५ **राजस्व असुली :** पालिकाको आर्थिक ऐन, २०८० मा सवारी साधन कर, व्यवसाय कर, मनोरन्जन कर, विज्ञापन कर, पार्किङ शुल्क, पर्यटन शुल्क लगायतका कर तथा शुल्क असुल गरिने उल्लेख भएकोमा उल्लेखित कतिपय शिर्षकमा कर तथा शुल्क असुल भएको देखिएन भने केही शिर्षकमा न्यून मात्र कर तथा शुल्क असुली भएको देखियो । पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर तथा शुल्क असुल गरि आन्तरिक राजस्व बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२१ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्यौंट गर्नु पर्ने र नियम ५२(४) मा फस्यौंट गर्न बाँकी पेश्की रकमलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| पेश्की दिएको मिति | पेश्की लिएको नाम | म्याद नाघेको |
|---|---|---|
| २०८१।१।२३ | टाकुरादेखी रती खोला झो.पु.निर्माण उ.स. | ६००००० |
| २०८१।१।२३ | टाकुरा देखि रतिखोला झो.पु. निर्माण उ.स. | २२४००० |
| २०८१।२।३ | गाइखुरे ट्रसपुल निर्माण उ.स. | ३९०८०० |
| २०८१।२।१४ | भुवापानी तल्लो डुङ्गेश्वर खानेपानी तथा सरसफाइ उ.स. | ५१८००० |
| | **जम्मा** | **१७३२८००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १७,३२,८०० |

२२ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२,०६,०००।- आर्थिक सहायता वितरण गरेको छ। मापदण्ड र कार्यविधि तथार गरेर मात्र आर्थिक सहायता दिनु पर्दछ।

२३ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट आ.व. २०८०/८१ मा रु.१,८३,८६,७२०।- सुविधामा खर्च भएको छ

२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३५ जना पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, ईन्जिनियर, पशुपन्छी अधिकृत, प्रशासन सहायक, कम्प्युटर अपरेटर, अमिन, सबइन्जीनियर सहित ११ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु पदपुर्ती हुनुपर्दछ।

२५ **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको पाइयो।ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. |
|---|---|---|
| अधिकृत छैठो | १ | ५६७९५७ |
| ईन्जिनियर | १ | ५६७९५७ |
| कम्प्युटर अपरेटर | १ | ४५१४९० |
| अमिन | १ | ४२७७२६ |
| सहायक चौथो(एक गाउँ एक प्राविधिक) | ४ | १७१०९०४ |
| सहायक चौथो | २ | ८५५४५२ |
| सहायक कम्प्युटर अपरेटर | १ | ४२७७२६ |
| सव.अ.ईन्जिनियर | १ | ४२७७२६ |
| सहायक चौथो(वडा सहायक) | ८ | ३४२१८०८ |
| अनमी | ८ | २३९२००० |
| सामाजिक परिचालक | ११ | ३२८९००० |
| **जम्मा** | | **१४५३९७४६** |

| | |
|---|---|
| अनियमित भएको | १,४५,३९,७४६ |

२६ **खरिद अभिलेख तथा व्यवस्थापन**

२६.१ **खरिद कार्यको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले प्रत्येक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम २ बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पुर्वयोग्यताको लागि आह्वान गरिएको सुचना, वोलपत्र आह्वान सम्वन्धी सुचना तथा कागजात, मूल्याङ्कन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सुचनाको प्रतिलिपि असफल वोलपत्रदातालाई पठाएको सुचनाको प्रतिलिपि, खरिद सम्वन्धी प्रकाशित सुचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, ईन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौता संशोधन गरिएको भए सो सम्वन्धि कागजात, मालसमान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले खरिदसंग सम्वन्धित कागजातहरु अलग अलग फाइलमा राखेको देखियो । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रत्येक खरिद कार्यको खरिद सम्वन्धी सम्पुर्ण कागजातहरु एउटै फाइलमा पञ्जिका सहित सिलसिलेवर रुपमा राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६.२ **नापी किताव तथा नियन्त्रण खाता :** महालेखा नियन्त्रक कार्यालयले निर्माण कार्यको रकम भुक्तानी र निर्माण कार्यको अभिलेखको लागि नापी किताव म.ले.प.फा.नं. ५०३, ठेक्का सम्वन्धी विल म.ले.प.फा.नं. ५०४ र नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ को व्यवस्था गरेको छ । पालिकाले ठेक्का वा अमानत वा अन्य प्रक्रियाबाट सम्पन्न गरिने निर्माण कार्यको के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्वन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी कितावमा अभिलेख राखि सम्पति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्ने र सो नापी किताव बमोजिम म.ले.प.फा.नं. ५०४ बमोजिमको ठेक्का सम्वन्धी बिलको रकम भुक्तानी गर्नुपर्नेमा Measurement Sheet उल्लेख गरेको लुज सिटहरु मात्र संलग्न गरी रकम भुक्तानी गरेको देखियो । पालिकाले नापी किताव म.ले.प.फा.नं. ५०३ तयार गरी नापी किताव नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा सिलसिलेवर नम्वर उल्लेख गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई अद्याबधिक गर्नुपर्दछ ।

२६.३

**डि.एल.पि.अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन । अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

२६.४ **निर्माण सम्वन्धी म.ले.प.फाराम** : महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक निर्माण कार्यको अभिलेखको लागि प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टा छुट्टै निर्माण कार्यको लागत अनुमान (म.ले.प.फा.नं. ५०१), नापी किताव (म.ले.प.फा.नं. ५०३), ठेक्का सम्वन्धी विल (म.ले.प.फा.नं. ५०४), आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५), ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६), ठेक्का सम्वन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७), भेरिएसन आदेश फाराम (म.ले.प.फा.नं. ५०८), भेरिएसन अभिलेख खाता (म.ले.प.फा.नं. ५०९), डोर हाजिर फाराम (म.ले.प.फा.नं. ५११), नापी किताव नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) र जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) को व्यवस्था गरेको छ । पालिकाले उल्लेखित स्वीकृत म.ले.प.फा.नं. को ढाँचा बमोजिम प्रत्येक खरिद कार्य र ठेक्काको विवरण स्पष्ट देखिने गरी राख्नुपर्नेमा अधिकांश फारामहरुको अद्यावधिक अभिलेख राखेको देखिएन । जसबाट तोकिएको विवरण तोकिएको ढाँचामा प्राप्त नहुने र सो सम्वन्धमा लेखापरीक्षणको क्रममा थप विश्लेषण गर्न नसकिने हुँदा पालिकाले स्वीकृत ढाँचा बमोजिमको म.ले.प.फारामहरु राखि निर्माण कार्यलाई व्यवस्थित वनाउनुपर्दछ ।

२६.५ **बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड बिड डकुमेन्ट):** सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐन, को दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरु हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रईङ र विमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरु जि.सि.सि.मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ पालिकाले बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ ।

२६.६ **निर्माण कार्यको विमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्रि प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पुर्ण जोखिम बहन गर्ने गरी वीमा गराउनुपर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष सम्झौता गरेका कतिपय ठेक्कामा वीमाको व्यवस्था भएता पनि विमा गराएको नदेखिएको पालिकाले निर्माण कार्यको वीमा गराएर मात्र खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२७ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा व्यवस्था रहेको छ ।उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २

प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले पुँजिगत खर्चतर्फ प्रत्येक योजना तथा ठेक्कामा ४ प्रतिशतको दरले कन्टिन्जेन्सी रकम छुट्याई खर्च गर्ने गरेको देखिएकोमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको देखिएन । पालिकाले यस वर्ष रू. २३ करोड ३९ लाख १५ हजार पुँजिगत खर्च गरेकोमा सोको कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले के कती कन्टिन्जेन्सी रकम कुन कुन कार्यमा खर्च भएको हो सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । पालिकाले कन्टिन्जेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

२८ **अधुरो योजना**

सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलवाट हटाउनुपर्ने संरचना हटाउने सुनिश्चितता नभई, क्षतिपुर्ती वितरण गर्नुपर्नेमा सोको लागि वजेटको सुनिश्चितता नगरी वोलपत्र आह्वान गर्न नहुने उल्लेख छ ।पालिकाले यस बर्ष छामिगाउ सागो फल्ने देखि पादुका मन्दिर सम्मको वाटो निर्माण कार्यको लागि रु. ३१,००,०००।- मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी हिमाल कन्स्ट्रक्सनसंग २०८०।९।२० मा सम्झौता गरेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीलाई जम्मा रु. १६,७२,४२०।- भुक्तानी दिएकोमा निर्माण कार्य तोकिएको समयमा सम्पन्न नभइ अधुरो रहेको देखिन्छ । सडक निर्माण कार्यको क्रममा जनसमुदयावाट विवाद उत्पन्न भइ लेखापरीक्षण अबधि २०८१ मंसिर सम्म समेत उक्त कार्य सम्पन्न हुन नसकी अधुरो रहेको देखिन्छ । पालिकाले निर्माण कार्यको वोलपत्र आह्वान र ठेक्का सम्झौता गर्दा खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम पर्याप्त पुर्व तयारीको काम नहुँदा जनसमुदयावाट निर्माण कार्यमा अबरोध भइ ठेक्का अधुरो रहेको देखिन्छ । पालिकाले सम्वन्धित पक्षसंग आवश्यक समन्वय गरी खरिद सम्झौता र खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम निर्माण कार्य सम्पन्न गर्न ध्यान दिनुपर्दछ ।

२९ **न्यायिक समितिको बैठक**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ को दफा ११ बमोजिम पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायतका स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची-२ बमोजिमको रु. १,५००।- का दरले एक महिनामा बढीमा ३ वटा बैठक भत्ता पाउने तर न्यायिक समितिको हकमा समितिका सदस्यहरुलाई मासिक बढीमा २ वटा सम्म बैठकको लागि प्रति बैठक रु. ५००।- का दरले ईजलास भत्ता पाउने व्यवस्था छ। पालिकाले निम्नानुसारका पदाधिकारीहरुलाई ऐनमा भएको व्यवस्था विपरित प्रति बैठक रु. १५००।- का दरले बैठक भत्ता भुक्तानी भएकोले बढी भुक्तानी रु.६८,८५०।- सम्बन्धित पदाधिकारीबाट असुल उपर गर्नुपर्ने रु.

| क्र.सं. | नाम र पद | बैठक संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी (कर पछि) |
|---|---|---|---|---|---|
| १. | संयोजक विना कार्की | २६ | ३९००० | १२००० | २२९५० |
| २. | सदस्य तर्क बहादुर खड्का | २६ | ३९००० | १२००० | २२९५० |
| ३. | सदस्य सरस्वती भण्डारी रावत | २६ | ३९००० | १२००० | २२९५० |
| **जम्मा** | | | | | **६८८५०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२१,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **४,२५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,८५० |

३० **वडाध्यक्षहरुको लागि अतिथि सत्कार** (८९२-२०८१-३-२४):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ को दफा ६ को अनुसूची १ वमोजिम वडाध्यक्षलाई अतिथि सत्कार वापत रु. ५,०००।- का दरले सेवा सुविधामै मासिक रुपमा अतिथि सत्कार तथा विविध खर्च भनि भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले पदाधिकारी सेवा सुविधामै मासिक रुपमा अतिथि सत्कार रकम भुक्तानी दिएकोमा थप खाजा र खानाको विल भरपाई पेश गरी कार्यपालिकाको निर्णय अनुसार अतिथि सत्कार वापत थप रकम भुक्तानी भएको छ । ऐनमा भएको व्यवस्था विपरित दोहोरो हुने गरी भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| **वडा नं.** | **पदाधिकारीको नाम र पद** | **अतिथि सत्कार रु.** |
|---|---|---|
| १ | वडाध्यक्ष तर्क बहादुर खड्का | ४७७३५ |
| २ | वडाध्यक्ष फारमसिंह थापा | ४८६४९ |
| ३ | वडाध्यक्ष कुल बहादुर कार्की | ४९२५० |
| ४ | वडाध्यक्ष भ्रम बहादुर भण्डारी | ४७७०३ |
| ५ | वडाध्यक्ष पुर्ण प्रसाद उपाध्याय | ४७०११ |
| ६ | वडाध्यक्ष हस्त बहादुर खड्का | ४७९४२ |
| ७ | वडाध्यक्ष कविराज रावत | ४८४७४ |
| ८ | वडाध्यक्ष शुशिल कुमारी भण्डारी | ४६६७८ |
| ९ | वडाध्यक्ष तिलक प्रसाद उपाध्याय | ४९१७१ |
| १० | वडाध्यक्ष दिपेन्द्र कुमार पुरी | ४९२६३ |
| ११ | वडाध्यक्ष सुरेन्द्र जंग भण्डारी | ४७३७८ |
| १२ | वडाध्यक्ष लिलाराम लम्साल | ४८७०४ |
| १३ | का.वा. वडाध्यक्ष गजं बहादुर भण्डारी | ४९३५० |
| **जम्मा** | | **६२७३०८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२७,३०८ |

३१ **करारका कर्मचारीलाई अवकास योगदान थप**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **५७,७९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **५७,७९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **४५,१४९**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **करारका कर्मचारीलाई स्थानीय भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७९।१।२१ को परपत्र अनुसार करारको कर्मचारीलाई स्थानीय भत्ता पाउने व्यवस्था छैन । त्यस्तै करार सम्झौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अन्य सुविधा नपाउन गरी बढीमा ६ महिनाको समय अवधि राखि सम्झौता गर्नुपर्दछ। तर पालिकाले अर्थमन्त्रालयको परिपत्र विपरित निम्नानुसार कर्मचारीलाई स्थानीय भत्ता भुक्तानी दिएको देखिन्छ । करारका कर्मचारीलाई भुक्तानी भएको स्थानीय भत्ता सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम र पद | स्थानीय भत्ता |
|---|---|---|
| १. | अ.छैठौं शम्शेर बहादुर शाही | १०५६०० |
| २. | अ.छैठौं सौगात कार्की | १०५६०० |
| ३. | सहायक पाँचैं रमेश प्रसाद उपाध्याय | ६६१२० |
| ४. | सहायक चौथो चिरंजीवि प्रसाद उपाध्याय | ५५२०० |
| ५. | सहायक चौथो कृष्ण थापा | ५५२०० |
| ६. | सहायक चौथो दिपेन्द्र कुमार शाही | ५५२०० |
| ७. | कम्प्युटर अपरेटर नगेन्द्र बहादुर थापा | ५५२०० |
| ८. | ल्याब असिस्टेन्ट रविन्द्र रिजाल | ५५२०० |
| ९. | हे.स.चालक रेशम बहादुर मल्ल | ४२६०० |
| १०. | ह.स.चालक यज्ञ बहादुर थापा | ४२६०० |
| ११. | ह.स. चालक रमेश प्रसाद शर्मा | ४२६०० |
| १२. | का.स. तिलक आचार्य | ४२६०० |
| १३. | का.स.देवी प्रसाद जैसी | ४२६०० |
| १४. | का.स. नर बहादुर खड्का | ४२६०० |
| १५. | का.स. मंजु नेपाली | ४२६०० |
| १६. | का.स.मन बहादुर थापा | ४२६०० |
| १७ | का.स. लुकेश कुमार योगी | ४२६०० |
| १८. | का.स. सुरज बहादुर रावत | ४२६०० |
| १९. | का.स. प्रेम प्रकाश थापा | ४२६०० |
| २०. | स.चौथो लोक बहादुर खड्का | ५५२०० |
| २१. | स.चौथो भद्र बहादुर हमाल | ५५२०० |
| २२. | स.चौथो राजेन्द्र प्रसाद अधिकारी | ५५२०० |
| २३. | स.चौथो दीपक प्रसाद आचार्य | ५५२०० |
| २४. | स.चौथो तेज बहादुर महत | ५५२०० |
| २५. | स.चौथो रत्न गिरी | ५५२०० |
| २६. | स.चौथो यज्ञ बहादुर खड्का | ५५२०० |
| २७. | स.चौथो भरोषा शाह | ५५२०० |
| **जम्मा** | | **१४६३५२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,६३,५२० |

३४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष नगरपालिका र वडा कार्यालय समेतको विविध खर्चतर्फ मात्र रु.३०,८८,४२३।- खर्च गरेको छ। पालिकाले विविध खर्चको मापदण्ड तयार गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खर्च गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.२८,०९,००४।- ईन्धनमा खर्च गरेको पाईयो।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति ईन्धन उपलब्ध गराएको, कुन प्रयोजनको लागि प्रयोग भएको सवारीसाधनलाई ईन्धन उपलव्ध गराएको हो सोको सम्पूर्ण विवरण खुल्ने लगबुक लगायतका विवरण आंशिक रुपमा मात्र खुलाएर अभिलेख राखेकोले खर्चको सदुपयोग कार्यालयको कार्यमामात्र भएको भन्ने अवस्था देखिदैन। पालिकाले ईन्धन खर्चको व्यवस्थित अभिलेख राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

३६ **अस्थायी अनुमतिपत्र वितरण बैठक** (६-२०८०-११-४):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३७ **विल भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ। पालिकाले सामाग्री खरिद गरेको विलको आधारमा भुक्तानी दिएकोमा खरिद भएका सामाग्री वितरण गरेको भरपाइ पेश भएको देखिएन । उक्त सामाग्री वितरण गरेको भरपाइ र अनुगमन सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| **गो.भौ.नं. र मिति** | **भुक्तानी पाउने** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ६०२-०८१।३।७ | न्यू देउती जनरल एण्ड अर्डर सप्लायर्स | त्रिपाल खरिद २५० थान | ९८३१०० |
| **जम्मा** | | | **९८३१००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **४८७,५००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८३,१०० |

३८ **सामाग्रि वितरणको बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **अनुत्पादक खर्च**

पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा पालिकाले वितरणमुखी कार्यक्रममा वजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले यसरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गर्नुपर्दछ । यस सम्वन्धि केही उदाहरण निम्नानुसार छन।

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | कार्यक्रम | रकम |
|---|---|---|---|
| ८०-०८०।८।७ | मालिका खेलकुद विकास समिति | भलिबल प्रतियोगिता | २६३२५० |
| ११४-०८०।८।२४ | युवा तथा खेलकुद विकास समिति | भलिबल प्रतियोगिता | २४३७५० |
| ३५७-०८०।१२।१९ | मालिका दलित नेटवर्क | ट्र्यासुट खरिद | २६३२५० |

४० **नगरपालिका शिक्षा तर्फ**

IEMIS को तथ्याङ्क:- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम् पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अद्यावधिक गरी सोही आधारमा निकासा गर्नु पर्नेमा आंशिक रुपमा मात्र तथ्याङ्क भिडान गरेको पाइयो । पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, बुक कर्नर, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको

सम्वन्धमा पालिका, शिक्षा शाखा एवं विद्यालयले अनुगमन गरी IEMIS को तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरी निकासा दिनुपर्दछ ।

४०.१ **दिवा खाजा :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वय पुस्तिका(२०८०।८१) को २.८.७ मा दैलेख जिल्लाका स्थानीय तहले प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने व्यवस्था छ। साथै स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र वि.व्य.स.का अध्यक्षबाट विद्यार्थीको हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले दिवा खाजा व्यवस्थापन ५३ वटा विद्यालयलाइ रु.१,६८,६५,२६३।- निकासा भएकोमा वास्तविक विद्यार्थीको संख्या यकिन गरेको अनुगमन प्रतिबेदन पेश नभएकोले उक्त प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४०.२ **छात्रवृति :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ७.२.१.1 मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागी छात्रवृतिको अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा छात्रवृतिको रकम निकासा गर्नुपर्ने र छात्रवृति वितरणको भरपाइ समेत पेश गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस बर्ष ५३ विद्यालयलाई छात्रवृति वापत रु. २७,१२,०००।- निकासा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गराएको देखिएन ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थिको यथार्थ तथ्याङ्क संग सत्यापन गरेर मात्र निकासा दिनुपर्दछ ।

४०.३ **निशुल्क पाठ्युस्तकको बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२३,२५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **५२,९७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४०.४ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमबाट स्यानिटरी प्याड मुल्य अभिबृद्धि कर समेत रु. ९७५०००/- मा खरिद गरेको छ। IEMIS को तथ्यांक अनुसार पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २७८२ जना रहेका छन्। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। पालिकाले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्ने व्यवस्था गर्नुका साथै आवश्यकताका आधारमा आवश्यक परिमाण मात्र खरिद गर्नुपर्दछ ।

४१ **शैक्षिक सामाग्री अनुदान** (१९४-२०८०-११-११):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित आर्थिक बर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय संचालन तथा व्यबस्थापन अनुदान वापतको अनुदान भुक्तानीको सुचकमा अनुदानको उपयोगबाट विद्यालयमा उपलब्ध शैक्षिक सामाग्री र त्यसको उपयोग, विद्यालयको सामाजिक लेखापरीक्षण प्रतिबेदन, विद्यालयको सुधारको योजना समेत रहेकोले उक्त विवरण सहितको प्रतिवेदन पेश हुनुपर्दछ । पालिकाले यस बर्ष ४७ विद्यालयलाइ उपलब्ध गराएको अनुदान रकमको सम्बन्धमा पालिकामा विल भरपाइ तथा प्रगती विवरण समेत पेश भएको देखिएन । अत: उक्त विवरण तथा प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,६८,००० |

४२ **विल भर्पाइ बेगरको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले आमा सुरक्षा कार्यक्रम वापत दुल्लु अस्पताल विकास समितिलाई रु. २२,६३,०००।- भुक्तानी दिएको देखिन्छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको विवरण अनुसार रु.१,०९,०००।- को बैक भौचर सहित रु. २१,०४,१००।- को कागजात पेश गरेको हुँदा बढी भुक्तानी भएको रु. १,५८,१००।- असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,९०० |

४३ **प्रमाण तथा कागजात पेश हुनुपर्ने** (३९३-२०८१-३-२४):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **विल भरपाइ भन्दा बढि भुक्तानी** (१७५-२०८०-९-२६):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ। पालिकाले संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रमको प्राविधिक सहायक श्री थानेश्वर जैसीको रु.४,७७,०००।- पेश्की फर्स्योट गरेकोमा रु.३,१०,००६।- को विल भर्पाइ पेश गरेकोले विलभरपाइ भन्दा बढी भुक्तानी भएको रु. १,६९,९९४।- सम्वन्धित कर्मचारीवाट असूल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,९९४ |

४५ **दोहोरो तलब भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३२,९०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **जिन्सी दाखिला गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ को उपनियम १ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्नेछ।त्यस्तै,पाम्समा भएको म.ले.पा.फा. ४०१, ४०२ र ४०३ वमोजिम जिन्सी सामानहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका सामानहरु माग फारम, खरिद आदेश र जिन्सी दाखिला वेगर विलको आधारमा भुक्तानी दिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५७०।०८१।२।३१ | तिर्थ हार्डवेयर एण्ड सप्लायर्स | कडावाला डेक्ची,कराही बाल्टिन | ४८७५० |
| ७७४।०८१।३।१९ | श्री राजु फर्निचर उद्योग | अफिस टेबल-३थान, चियर-३थान,पार्टी प्लेस कुर्ची-५०थान, फलाम टेबल-४० थान, फलाम टेबल सानो-३० थान | ४९९९६८ |
| | न्यू साझा कम्प्युटर ट्रेडर्स | डेल ल्याप्टप-१ थान, EPSON प्रोजेक्टर-१ | १८६५६३ |
| २८१।०८०।११।२० | कौशल स्टोर्स एण्ड अर्डर सप्लायर्स | ब्याक्ट्रि-२थान, SPS-१थान र वायर २.५ मिटर | १०९६४८ |
| ४४२।०८१।१।३१ | पंचेबाजा संरक्षणका लागि पोशाख खरिद तथा मर्मत उ.स. | पंचेबाजा खरिदको विल मात्र। | २४३७५० |

| प्रमाण पेश नगरेको | १०,८८,६७९ |
|---|---|

४७ **सहभागी भत्ता**

कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७५ को दफा २.६ वमोजिम तालिम, गोष्ठी, सेमिनारमा सहभागीको आफ्ना घर वा सविक बसोबास स्थलबाट दैनिक ओहोर गर्न नभ्याईने ४ कोस भन्दा बढी भई आवासको व्यवस्था गर्नुपरेमा दैनिक रु.७०० का दरले सहभागी भत्ता दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका कार्यक्रम रु.१५०० का दरले सहभागी भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी भएको सहभागी भत्ता सम्बन्धित कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | विवरण | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढीभुक्तानी (करपछि) |
|---|---|---|---|---|
| २२।०८०।१२।२२ | प्रदेशस्तरीय सामाजिक सुरक्षा विषयक १ दिने अन्तरक्रिया कार्यक्रममा ३१ जनालाई रु.१८००। का दरले सहभागी भत्ता | ५५८०० | २१७०० | ३४१०० |
| ४९५।०८१।२।१३ | २ दिने लैंगिक समानता तथ सामाजिकरण कार्यक्रममा ४२ जना पदाधिकारी तथा कर्मचारीलाई रु.१५००।०० का दरले सहभागी भत्ता। | १२६००० | ५८८०० | ५७१२० |
| | गाउँपालिका शिक्षा तर्फ | | | |
| ३।०८०।९।११ | बालविकास शिक्षाको पाठ्यक्रम तालिममा ५७ जना सहभागीलाई रु.१०००।०० का दरले सहभागी भत्ता भुक्तानी। | ५७००० | ३९९०० | १४५३५ |
| जम्मा | | | | १०५७५५ |

| असुल गर्नुपर्ने | १,०५,७५५ |
|---|---|

४८ **प्रविधि हस्तान्तरण कार्यक्रम** (९३-२०८०-१२-२६):

गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७ को परिच्छेद-४ को दफा २८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२)मा उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने, उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ ।पालिकाले गोदावरी च्याउ प्रविधि केन्द्रबाट खरिद गरेको च्याउको भुक्तानी गरेको छ । उक्त केन्द्रलाइ भुक्तानी भएको रकमलाइ आधार मान्दा उक्त कार्यक्रममा रु. १,९९,१५१।- को मात्र विल भर्पाइ समावेश भएको हुदा बढी भुक्तानी भएको रकम असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १८,२७४ |
|---|---|

## ४९ सामाजिक सुरक्षाको निकासा फिर्ता

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **९५२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५० उपभोक्ता समितिमार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा मुल्य अभिवृद्धि कर, ओभर हेड, कन्टेन्जेन्सी र जन सहभागीताको अंश समेतको एक करोड रुपैयाँ सम्मको लागत अनुमान भएको सार्वजनिक निर्माण कार्य सोही स्थानमा वसोवास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष २७१ वटा उपभोक्ता समिति मार्फत काम गराई रु. ११ करोड ७८ लाख १० हजार भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गर्दा देखिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- पालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि तयार गरेको देखिएन ।
- पालिकाले उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा प्रयोग गरिने सामाग्रिको गुणस्तर परीक्षण गर्ने गरेको देखिएन जसले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भनी यकिन गर्न सकिएन ।
- योजना कार्यान्वियनको लागि उपभोक्ता समिति र कार्यालय बीच सम्झौता गरेपनि सम्झौतामा उल्लेख भए अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।
- कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वियनको लागि कार्यतालिका लिएको देखिएन ।
- सार्वजनिक परीक्षण गरेको भनी विवरण संलग्न गरे तापनि उक्त परीक्षणमा उपभोक्ताको आमभेला नहुने, उपभोक्ता समितिका सिमित पदाधिकारी मात्र संलग्न हुने गरेको देखियो ।
- अनुगमन समितिले अनुगमन गर्दा देखिएको व्यहोरा प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य गराएको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ ।

## ५१ उपभोक्ता समितिमार्फत खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा श्रममुलक कार्य उपभोक्ता समिति मार्फत गराउनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष श्रममुलक कार्य नभएको खरिद मात्र गर्नुपर्ने कार्य उपभोक्ता समितिमार्फत सम्पन्न गराएको देखियो । पालिका मालसमान खरिद कार्य प्रतिष्पर्धात्मक तरिकाले गर्नुपर्नेमा उपभोक्ता समितिमार्फत गराएको देखिन्छ । पालिकाले श्रममुलक कार्य वाहेक अन्य खरिद गर्नुपर्ने कार्य उपभोक्ता समितिमार्फत गराएको नियमसम्मत नदेखिएको रु

| गो.भौनं. र मिति | उपभोक्ता समितिको नाम | कार्य सम्पन्न | भुक्तानी रकम | खरिदको विल |
|---|---|---|---|---|
| २१-०८१।३।९ | खालिखेत मोसनगाड खानेपानी तथा लिफ्ट सिचाई पोखरी निर्माण | १६५१४४९ | १४६०७२० | १३६६६८९ |
| ३६४-०८१।३।२४ | विद्युत लाइन विस्तार वडा नं. २ | ७९१२२५ | ७६४९५६ | ७०२८६९ |
| **जम्मा** | | | **२२२५६७६** | **२०६९५५८** |

| | |
|---|---|
| अनियमित भएको | २२,२५,६७६ |

५२ **गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सुत्रको विवरण अनुसार पालिकाले यस बर्ष बजेटमा गत बर्षको भुक्तानी दिन बाँकी रु. ३,९०,७२,५३९।- समावेश गरी यस बर्ष रु.२,३५,०६,५७७।- भुक्तानी दिएको देखिन्छ ।पालिकाले बहुबर्षिय खरिद सम्झौता बाहेकको साल वसाली रुपमा सम्झौता भएका कार्यको समेत वजेटमा समावेश गरी यस बर्ष भुक्तानी दिएको छ । पालिकाले बहुवर्षिय ठेक्का सम्झौता बमोजिमको भुक्तानी दिन बाँकी रकम बाहेक अन्य रकम वजेटमा समावेश गरि भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

५३ **प्रमाण पेश नभएको** (१०-२०८०-५-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको विल भरपाइ स्रेस्ता साथ राख्नुपर्ने उल्लेख छ । पालिकाले नरेश्वर आ.वि. तथा वातारण मैत्री योजना उ.स. दुल्लुलाई रु. ३,१५,२७०।- भुक्तानी दिएकोमा उक्त खर्चको श्रेस्ता पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१५,२७० |

५४ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३७०,४५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **बढी भुक्तानी** (५१-२०८१-३-२२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले ठेक्का नं. W/NCB/DM/18/080/81 को दुल्लु अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी एस.आर.वि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई अन्तिम विलको रकम भुक्तानी दिदा निम्नानुसार आईटमको काममा बढी नापी हुन गइ बढी रकम भुक्तानी भएको देखिन्छ । पालिकाले बढी भुक्तानी भएको रकम सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु.

| कामको विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|
| Brick Work | ३.०३६ घ.मि. | १३००० | ३९७८० | सिल र लिन्टेल वेन्डको क्षेत्र नघटाएको |
| Stone Masonary Work 1:4 | ३.१४ घ.मि. | ७००० | २१९८० | फाउण्डेसनको काममा कोलमको परिमाण १.५७ घ.मि. घटाउनुपर्नेमा जोडेको |
| PCC 1:3:6 In Foundation | ५.४० घ.मि. | ६००० | ३२४०० | कोलमको क्षेत्रफल घटाउनुपर्नेमा जोडेको |
| Stone Soling in Foundation | ४.०६ घ.मि. | १८०० | ७३०८ | |
| **जम्मा** | | | **१०१४६८** | |
| मूल्य अभिबृद्धि कर १३ प्रतिशत | | | १३१९१ | |
| **कूल जम्मा** | | | **११४६५९** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,४६८ |

५६ **कार्यसम्पादन जमानतको अबधि**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्य व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले पटाङ्गिनी परिघर जुकेधार सडक निर्माण कार्यको लागि निर्माण व्यवसायी ग्रेट ईम्पायर कन्स्ट्रक्सनसंग खरिद सम्झौता भएकोमा ऐनमा भएको व्यवस्था बमोजिम निर्माण व्यवसायीले २०८२।४।१० सम्मको अबधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा २०८१।२।१० सम्म अबधि भएको कृषि विकास बैंकको रु. ७,४०,०००।- को कार्यसम्पादन जमानत पेश गरेको देखिन्छ । निर्माण व्यवसायीले कार्यसम्पादन जमानतको अबधि थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४०,००० |

५७ **आनुपातिक कट्टी** (१०-२०८०-५-१८):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ताको अंश कट्टी गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ । एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम अन्तर्गत पालिका, गैर सरकारी संस्था र उपभोक्ता समिति विच भएको त्रिपक्षिय सम्झौतामा खानेपानी योजना निर्माण कार्यको आईटम वाइज लागत अनुमान तयार गरी सोही बमोजिम प्रत्येक कामको ३ पक्षले व्यहोर्नुपर्ने अंश उल्लेख गरेको छ । पालिकाले खानेपानी योजनाको कार्य सम्पन्न भए पछी अन्तिम विल बमोजिमको रकम भुक्तानी दिदा आईटमवाइज खर्च र पालिकाले व्यहोरेको आईटम वाइज योगदान खुल्ने विवरण पेश भएको देखिएन । अत : पालिकाले सम्झौता गर्दा व्यहोर्नुपर्ने रकमको अनुपातमा कार्य सम्पन्न रकमको आधारमा भुक्तानी गर्नुपर्नेमा सो भन्दा बढी अनुपातमा भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| योजनाको नाम | कुल लागत अनुमान | पालिकाले व्यहोर्नुपर्ने रकम | कार्य सम्पन्न रकम | पालिकाले व्यहोर्नुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| कुनकाटिया खानेपानी तथा सरसफाइ | ४३२९३८४ | ८९१५०५ | ३७५०१०५ | ७७२१५८ | ८६७३०१ | ९०१४३ |
| गोपेधारा खानेपानी तथा सरसफाइ | १९९४१६९ | ३८७६३५ | १५९३५०६ | ३०९६१८ | ३४७५१२ | ३७८९४ |
| वडाँडा खानेपानी तथा सरसफाइ | २४१३२५५ | ४९८२६१ | २१२३१५७ | ४३८४३२ | ४५०६५५ | १२२२३ |
| कालेखोला खानेपानी तथा सरसफाइ योजना | ३७६१३०५ | ७५६५५७ | ३३५९१७८ | ६७९३४८ | ७२७८७६ | ४८५२८ |
| गौरीखोला खानेपानी तथा सरसफाइ योजना | ५०५५२९३ | १०४११६ | ४२५५८८६ | ८७६२८६ | १००७६२२ | १३१३३६ |
| **जम्मा** | | | | | | **३२०१२४** |

| असुल गर्नुपर्ने | ३,२०,१२४ |
|---|---|

५८ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ३ मा लक्षित वर्गको पहिचानको आधार र दफा ४ मा लाभग्राहीको छनौटको आधार तथा विधिको व्यवस्था गरिएको छ । त्यस्तै दफा ५ मा स्थानीय तहले छनौट भएका लाभग्राहीसँग सम्झौता गरी २ किस्तामा रकम उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले उक्त व्यवस्थाको पालना नगरी यस वर्ष ९७ जनालाई घरको जस्तापाता खरिदको लागि जम्मा रु. ४७,२५,४५०।- भुक्तानी गरेको छ । कार्यविधि बमोजिमको छनौटको आधार पेश नभएबाट वास्तविक लाभग्राहीले उक्त रकम प्राप्त गरेको सम्बन्धमा यकिन गर्न सकिएन । कार्यविधि बमोजिम पालिकाले लाभग्राही सँग सम्झौता बमोजिम निर्माण भएको घरको कार्य सम्पन्न पश्चात प्राविधिकबाट प्रमाणित गराई विवरण अधावधिक बनाई राख्नुपर्दछ ।

५९ **उपभोक्ता समितिलाई बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ताको अंश कट्टी गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ । एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम अन्तर्गत पालिका, गैर सरकारी संस्था र उपभोक्ता समिति विच भएको त्रिपक्षिय सम्झौतामा खानेपानी योजना निर्माण कार्यको आईटम वाइज लागत अनुमान तयार गरी सोही बमोजिम प्रत्येक कामको ३ पक्षले व्यहोर्नुपर्ने अंश उल्लेख गरेको छ । पालिकाले खानेपानी योजनाको लागत अनुमानमा उल्लेख भए बमोजिमको अनुपतमा कार्य सम्पन्न गर्दा लागेको बास्तविक लागतको आधारमा आईटम वाइज योगदानको रकम भुक्तानी गर्नुपर्नेमा सम्झौता बमोजिमको अनुपात भन्दा बढी अनुपातले हुने रकम भुक्तानी दिएको देखिन्छ । पालिकाले अनुसुचीमा संलग्न योजनालाई लागत अनुमान र सम्झौतामा उल्लेख भएको आईटमगत अनुपात भन्दा बढी अनुपात हुने गरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ३,०९,७३८ |
|---|---|

६० **रित पुर्वक विजक** (३८-२०८०-१२-२९):

मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची ५(क) वमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण सामाग्रि खरिद वापत वि.आर.एन.सप्लायर्स (६०४१५४२५१) लाई रु. २०,०४,०६८।- भुक्तानी दिदा रु.२,३०,५५७।- मूल्य अभिबृद्धि कर समेत भुक्तानी दिएकोमा फर्मले पेश गरेको कर विजकमा नम्बर स्पष्ट बुझिने गरी उल्लेख गरेको देखिएन। पालिकाले जम्मा मूल्य अभिबृद्धी कर रु.२,३०,५५७।- मा ३० प्रतिशत कट्टी गरी वांकी रु. १,६१,३९०।- भुक्तानी गरेको देखिन्छ । पालिकाले रितपुर्वक जारी गरेको कर विजक वेगर भुक्तानी दिएको मूल्य अभिबृद्धि करको समायोजन गरेको प्रमाण गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,६१,३९० |
|---|---|

६१ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियममावली २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटि सच्याउने दायित्तवको अवधिभन्दा कम्तिमा १ महिना भन्दा वढी अवधिको हुनुपर्ने उल्लेख छ। पालिकावाट सम्झौता भएका निम्नानुसार ठेक्काको कार्य तोकिएको समयमा सम्पन्न हुन नसकि म्याद थप भएकोमा थप गरेको म्याद बमोजिम कार्य सम्पादन जमानतको अबधि थप गरेको देखिएन । पालिकाले निम्नानुसार ठेक्काको कार्य सम्पादन जमानतको अबधि थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| निर्माण व्यवसायी | काम | कार्य सम्पादन जमानतको म्याद | ठेक्काको म्याद | म्याद हुनुपर्ने समय | कार्य सम्पादन जमानत रकम |
|---|---|---|---|---|---|
| ए.एण्ड वि.कन्ट्रकसन | वहुप्राविधिक शिक्षालयको ल्याव व्यवस्थापन | २०८१/११/१७ | ०८१/११/१७ | २०८२/१२/१७ | १०००००० |
| राराताल महेन्द्र निर्माण सेवा | प्राकृतिक स्रोत व्यवस्थापन कलेजको छात्रावास भवन निर्माण | २०२४/२/१७ | ०८१/३/१५ | २०८२।४।१५ | १०००००० |
| आर.एन.कन्ट्रक्सन | दुल्लु अस्पताल भौतिक पुर्वाधार | २०८१/१०/११ | ०८१/३/१५ | २०८२/४/१५ | ९९८००० |
| **जम्मा** | | | | | **२९९८०००** |
| | | | | प्रमाण पेश नगरेको | २९,९८,००० |

६२ **वढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ताको अंश कट्टी गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ । सिचाइ योजना निर्माण कार्यको लागि पालिकाले निर्माण सामाग्रि समेत उपलव्ध गराकोमा उपभोक्ता समितिले सम्पन्न गरेको कुल कार्य मूल्याङंकन रकममा उपभोक्ताको अंश र पालिकाले उपलव्ध गराएको सामाग्रिको मूल्य घटाउनुपर्ने सामाग्रिको मुल्य नघटाइ भुक्तानी दिएको देखियो । यसरी पालिकाले उपलव्ध गराएको सामाग्रिको रकम नघटाई भुक्तानी दिदा निम्नानुसार योजनामा बढी भुक्तानी भएको देखिएकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु.

| भौ.न./मिति | योजना | जम्मा काम | उ.स.को अंश | पालिकाले उपलव्ध गराएको सामान | जम्मा घटाउनुपर्ने | सामानको बाहेक हुनुपर्ने भुक्तानी | पालिकावाट भुक्तानी | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २९९/०८१/३/१८ | वाउसले राउनदेउ सिमखेत सिचाई | ४२४३२३ | ६३६४८ | २५२६११ | ३१६२५९ | १०८०६४ | ३३७२५८ | २२९१९४ |
| ३०२/०८१/३/१८ | चौघेरा सिचाई पोखरी निर्माण | ४८५९६० | ४३८४७ | ३४७८३८ | ३९१६८५ | ९४२७५ | २३२१३० | १३७८५५ |
| ३०३/०८१/३/१८ | माथिल्लो राले कुलो सिचाई निर्माण | ४२४१७५ | ४७८०१ | २५२६११ | ३००४१२ | १२३७६३ | ३३७१३० | २१३३६७ |
| ३०५/०८१/३/१८ | मेडटाकुरा माडु सिचाई कुलो निर्माण | ३४६१७५ | ५१२९६ | ३१४०७५ | ३६५३७१ | ० | २९०९७० | २९०९७० |
| ३११/०८१/३/१९ | मट्टिनरल चौर सिचाई | १७६९६७ | २६५४२ | १७६९६७ | २०३५१२ | ० | १४४००० | १४४००० |
| जम्मा | | | | | | | | १०१५३८६ |
| | | | | | | | असुल गर्नुपर्ने | १०,१५,३८६ |

६३ **नापी कितावमा नभएको** (१६४-२०८१-१-२७):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार प्राविधाक नाँपजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले मालिघाट श्रीस्थान सडक मर्मत वापत उपभोक्ता समितिलाई रु. २,४१,१८३।- भुक्तानी दिएकोमा भुक्तानी साथ नापी किताव संलग्न नभएकोले उक्त कार्यको नापी किताव पेश हुनुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२४१,१८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६४ **विलमा सामान खरिदको परिमाण नखुलेको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानि दिनु पर्दछ । पालिकाले LIPS कार्यक्रम अन्तर्गत संचालित योजनाका लागी पुर्वाधार निर्माणका लागि चाहिने सिमेन्ट, छड,पाईप लगायत सामान खरिद गरि देहाय अनुसार भुक्तानी दिएको छ। सम्बन्धीत फर्मवाट प्राप्त कर विजकमा आपुर्ती भएका मालसमानको मूल्य र परिमाण खुलाउनु पर्नेमा सम्पुर्ण सामानको रकम एकमुष्ठ उल्लेख गरी सोही आधारमा पालिकाले जिन्सि कितावमा विभिन्न सामानको परिमाण आम्दानी वाँधेको छ। फर्मले आपुर्ती भएका प्रत्येक सामाग्रिको छुट्टा छुट्टै परिमाण र मूल्य उल्लेख गरी कर विजक जारी गर्नुपर्नेमा एकमुष्ठ रकम उल्लेख गरी विजक जारी गरेका कारण प्राप्त भएका सामानको एकिन हुन सक्ने अवस्था रहेन। आपुर्ती भएका प्रत्येक मालसामानको आईटमगत परिमाण र मूल्य खुल्ने विवरण पेश गर्नुपर्ने रु.

| **भौ.न. र मिति** | **फर्मको नाम** | **रकम** |
|---|---|---|
| ३८०/८०/१०/९ | वि.आर एन.सप्लायर्स | ५८३४४८७ |
| १२०/०८०/१२/१९ | वि.आर एन.सप्लायर्स | २००४०६८ |
| १/०८०/१०/१९ | देउती कन्ट्रकसन | ४०९१०९१ |
| २९०/०८१/३/१७ | देउती कन्ट्रकसन | १५७०६१ |
| **जम्मा** | | **१२०८६७०७** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२,३५६,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,८६,७०७ |

## ६५ **ठेक्का नं. DM/19 /077-78**

पालिका र निर्माण व्यवसायी नान्जिला कन्स्ट्रक्सन विच कार्यालय भवनको माथिल्लो तला र लिफ्ट जडान कार्यको लागि रु. १,८०,६५,५३९।- मा २०७८।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।२।१४ गते सम्झौता भएकोमा उक्त समय भित्र तोकिएको कार्य सम्पन्न हुन नसकि पटक पटक गरी २०८० मंसिर मसान्त सम्म म्याद थप गरी यस बर्ष सम्म रु. १,६५,३०,१६९।- भुक्तानी भएको फाइलको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

६५.१ **भेरिएसन :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र खरिद नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन गर्न सक्ने व्यवस्था छ । पालिकाले कार्यालयको भवनको निर्माण कार्य अन्तर्गत विभिन्न कामको आईटम थप घट गर्नुपरेको भनि निम्नानुसारको भेरिएसन स्वीकृत गरेको देखिन्छ । पालिकाले भेरिएसन स्वीकृत गर्दा संशोधित लागत अनुमान सुरु लागत अनुमानको तुलनामा ५.४८ प्रतिशत घटेकोमा संशोधित सम्झौता रकम भने सुरु सम्झौता रकमको ४.३४ प्रतिशतले बृद्धि भई रु. ७,८७,८०७।- लागत बढ्न गएको छ । पालिकाले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिने कार्यमा मात्र भेरिएसन गर्नुपर्नेमा विभिन्न कामको परिमाणमा

थप घट भएको र केही नयाँ काम समेत गर्नुपर्ने कारण जनाइ भेरिएसन स्वीकृत गरेको देखिएकोले लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान दिएको भन्न सक्ने अवस्था देखिएन । अत: पालिकाले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिएको कामको वाहेक अन्य कार्यको लागि भेरिएसन गर्नु नपर्ने गरी लागत अनुमान तयार तथा सम्झौता गर्दा ध्यान दिनुपर्दछ । साथै भेरिएसन गर्दा सुरु लागत अनुमानको तुलनामा सम्झौता रकमको अनुपात नघट्ने गरी भेरिएसन स्वीकृत गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **विवरण** | **रकम** |
|---|---|
| सुरु लागत अनुमान | १८२२७०४३ |
| संशोधित लागत अनुमान | १७२२९०६४ |
| सुरु सम्झौता रकम | १८१५१९५० |
| संशोधित सम्झौता रकम | १८९३९७५७ |

६५.२ **कार्य सम्पन्न प्रतिवेदन :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अबधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालय भवनको माथिल्लो तला र लिफ्ट जडान कार्य अन्तर्गत लिफ्ट जडान गरेवापत मूल्य अभिबृद्धि कर समेत रु. २७,१२,०००।- भुक्तानी भएको छ । पालिकाले २०८१।८।८ मा कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम विलको रकम भुक्तानी दिएकोमा लेखापरीक्षणको समयमा उक्त लिफ्ट संचालनमा रहेको देखिएन । पालिकाले २०८०।८।८ मा कार्य सम्पन्न जनाई अन्तिम विलको रकम भुक्तानी दिएको र उक्त अबधिबाट त्रुटी सच्याउने दायित्वको अबधि २०८१।९।८ मा समाप्त हुने हुँदा त्रुटी सच्याउने अबधि भित्र प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कुनै त्रुटी सच्याउनुपर्ने देखिएमा त्रुटी सच्याउन लगाई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

६५.३ **कर विजक :**मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले बस्तु वा सेवा बिक्रि गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ । त्यस्तै मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मुल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक अनुसुची ५ र ५(क) बमोजिमको कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई रु. २५,८५,६५९।- को विल रकमको रु. २,९७,४६५।- मूल्य अभिबृद्धि कर भुक्तानी दिएकोमा निजले पेश गरेको कर विजकमा विजक नं. हातले लेखेको देखिन्छ । अत रितपुर्वक जारी गरेको विजक वेगर भुक्तानी भएको मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,४६५ |

६६ **ननफाईलर**

मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानी प्राप्त मुल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गत्ते भित्र समन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नु पर्दछ। तर पालिकाले देहायका फर्मलाई मु.अ.कर रु. ९,३६,९१३।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०८१ मंसिर सम्म ति फर्महरु कर विवरण नवुझाई ननफाईलर रहेको देखिएकोले भुक्तानी भएको मूल्य अभिबृद्धि करको समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ रु.

| भौ.न./मिति | फर्मको नाम | भुक्तानी रकम | मु.अ.कर | ७० प्रतिशतले हुने कर मु.अ.कर | ननफाईलर |
|---|---|---|---|---|---|
| २३९/०८१/३/२३ | रारा ताल महेन्द्र निर्माण सेवा (६१४७९४६६९) | १९२०४९६ | २२०९४२ | १५४६५९ | 2080/ T/2 |
| ३४३/०८१/३/२२ | | २३८२०९२ | २७४०४६ | १९१८३२ | |
| २७५/०८१/३/१५ | हिमालय ट्रेडस एण्ड सपलायर्स(६०१९४३६२३) | २५०७८५७ | २८८५१५ | २०१९६० | 2080/T/3 |
| ७/०८०/६/१९ | आर.एन. कन्ट्रकसन(३००५९५६१७) | २८८८८८४ | ३२३३५० | २३२६४५ | |
| २९८/०८१/३/१८ | | १९३४८७० | २२२५९६ | १५५८१७ | |
| जम्मा | | | | ९३६९१३ | |
| | | | | प्रमाण पेश नगरेको | ९,३६,९१३ |

६७ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले कार्यालयको जनशक्तिबाट सम्पन्न गर्न नसक्नुको स्पस्ट कारण नखुलाई यस बर्ष देहाय बमोजिमको परामर्श सेवा खरिद गरी रु. ९,३९,७४७।- खर्च लेखेको छ ।यसरी परामर्श सेवा खरिद गर्दा सोको आवश्यकता. खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । पालिकाले परामर्शदाताबाट तयार भएका डि.पि.आर तथा आई.ई. प्रतिवेदन को कार्यान्वयन गर्नुपर्दछ ।

| फर्मको नाम | परामर्श सेवाको नाम | खर्च रकम |
|---|---|---|
| एस.एस.कर्णाली ईन्जिनियरिङ प्रा.लि. | बिभिन्न नदिको आई.ई.प्रतिवेदन | ४४२९९९ |
| वोल्ड ईन्जिनियरिङ | दुल्लु अस्पतालको पूर्वाधार निर्माणको डि.पि.आर | ४९६७४८ |
| **जम्मा** | | **९३९७४७** |

६८ **ठेक्का नं. DM/03/079-80) एन.के.कैलाश जे.भि. (नरेश्वर उद्यमशिल विद्यालयको भवन निर्माण)**

**भेरिएसन :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन गर्न सक्ने व्यवस्था छ । पालिकाले विद्यालयको भवन निर्माण कार्य अन्तर्गत विभिन्न कामको आईटम थप घट गर्नुपरेको भनि निम्नानुसारको भेरिएसन स्वीकृत गरेको देखिन्छ । पालिकाले भेरिएसन स्वीकर्त गर्दा संशोधित लागत अनुमान सुरु लागत अनुमानको तुलनामा ७.१३ प्रतिशत घटेकोमा संशोधित सम्झौता रकम भने सुरु सम्झौता रकमको ५.५४ प्रतिशतले मात्र घटेको छ पालिकाले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिने कार्यमा मात्र भेरिएसन गर्नुपर्नेमा विभिन्न कामको परिमाणमा थप घट भएको र केही नयाँ काम समेत गर्नुपर्ने कारण जनाइ भेरिएसन स्वीकृत गरेको देखिएकोले लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान दिएको भन्न सक्ने अवस्था देखिएन त्यस्तै नयाँ आईटमको दर रेट नेगोसिएसन गर्दा लागतको तुलनामा कम घटेको, सुरु सम्झौता बमोजिम कम दर रेट कवोल भएको कामको परिमाण घटेको, बढी दर रेट भएको कामको परिमाण बढेको तथा कुनै कामको आईटममा २५ प्रतिशत भन्दा बढीको परिमाण बढेको अवस्थामा बढी परिमाणको रेट नेगोसिएसन सुरु लागत अनुमान र सम्झौता बमोजिमको दरमा नगरी निर्माण व्यवसायीले पेश गरेको नयाँ दर रेटमा नेगोसिएसन भएको कारण सुरु लागत अनुमान र सम्झौताको अनुपात भन्दा भेरिएसन पछिको लागत अनुमान र सम्झौताको अनुपात घट्न गइ थप व्ययभार परेको छ । अत: पालिकाले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिएको कामको वाहेक अन्य कार्यको लागि भेरिएसन गर्नु नपर्ने गरी लागत अनुमान तयार गर्दा तथा सम्झौता गर्दा ध्यान दिनुपर्दछ । साथै भेरिएसन गर्दा सुरु लागत अनुमानको तुलनमा सम्झौता रकमको अनुपात नघट्ने गरी भेरिएसन स्वीकृत गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| विवरण | रकम |
|---|---|
| सुरु लागत अनुमान | ६५८९१४११ |
| संशोधित लागत अनुमान | ६११९३९९० |
| सुरु सम्झौता रकम | ६३५७३१५१ |
| संशोधित सम्झौता रकम | ६००५३२८० |

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्र ७ वडामा गोरेटो बाटो निर्माण र सडक सतरोन्नती लगायतका १० योजना सञ्चालन गरी यस वर्ष १२९ जनालाई अधिकतम रोजगारी उपलव्ध गराई रु. ६३,५२,०००।- खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन नसकेकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ साथै उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिदैन । यसमा सुधार हुनुपर्दछ ।

७० **मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेश मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ९ वटा योजना सञ्चालनमा रु. १,३१,२१,०७९।- भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

७०.१ आयोजनाको अनुगमनः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ ।

७०.२ सार्वजनिक लेखापरीक्षणः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

७०.३ **जिन्सी सामग्रीः** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित केहि आयोजनाको परीक्षण गर्दा आयोजनामा प्रयोग भएका जिन्सी सामग्रि पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : दुल्लु नगरपालिका, दैलेख , दुल्लु नगरपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ज्ञानमणि नेपाल | २०७८-९-१ | २०८०-१२-२७ |
| कार्यालय प्रमुख | तिलक वि.क. | २०८१-१-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विनोद बहादुर थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,७५९,४५४ | १६,७६५,४२२ | २६,०२५,७०९ | ० | ० | १,७५२,८०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५१,३०३,३८५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,२७३,३२२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४५,०३०,०६३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७४७६३८९४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५१२२१३०५३ | चालु खर्च | ४६०५०४८४६ |
| प्रदेश सरकारबाट अनुदान | ५४६३३५५७ | पूँजीगत खर्च | २३३९१४९६६ |
| राजश्व बाँडफाँट | १०८६४७६६१ | वित्तीय/अन्य व्यवस्था | २७३४५९६४२ |
| आन्तरिक आय | ९४३७२५१.० | | |
| अन्य आय | २६२९७९८१२ | | |
| कुल आय | ९४७९११३३४ | कुल खर्च | ९६७८७९४५४ |
| बाँकी मौज्दात | | ५४७९५७७४ | |

## बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| कामको विवरण | सम्झौता तथा लागत अनुमान | | | कार्य सम्पन्न रकम | | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | कुल लागत | पालिकाले व्यहोर्नुपर्ने | प्रतिशत | कार्य सम्पन्न रकम | पालिकाले व्यहोर्नुपर्ने रकम | | |
| गो.भौ.नं. ३७९-०८१।३।२४ (मौवाडाँडा भैरवस्थान खानेपानी तथा सरसफाइ योजना) | | | | | | | |
| पाइपलाइनको खन्ने काम | १३७५८९३ | ७७०००० | ५५.९६ | ११०९२१५ | ६२०७१६ | ७१७२२० | ९६५०४ |
| पाइप खरिद(एच.डि.पि) | ७२९७६३ | १२८१५९ | १७.५६ | ५७६८३७ | १०१२९८ | १०९१६७ | ७८७७ |
| जम्मा | | | | | | | १०४३८१ |
| गो.भौ.नं. ३७४-०८१।३।२४ (नाउलेपानी छुवाला खानेपानी तथा सरसफाइ योजना) | | | | | | | |
| पाइपलाइनको खन्ने काम | १२९०७१२ | ५९९०७० | ४६.४१ | ९३३१०५ | ४३३०५४ | ४९२६१८ | ५९५६४ |
| पाइप खरिद(एच.डि.पि) | ६४६३२७ | १५९४०५ | २४.६६ | ५४३४८२ | १३४०२२ | १७६७८८ | ४२७६५ |
| कन्टेन्जेन्सी रकम रु. ५०,९१८।- कट्टी गर्नुपर्नेमा रु. २६,७३२।- मात्र कट्टी गरेकोले त्वढी भुक्तानी भएको | | | | | | | २४१८६ |
| जम्मा | | | | | | | १२६५१५ |
| गो.भौ.नं. ३२४-०८१।३।२१ (जरायापानी दह खानेपानी तथा सरसफाइ योजना) | | | | | | | |
| पाइपलाइनको खन्ने काम | १२३२०३८ | ६५०००० | ५२.७६ | ८२७५९९ | ४३६६४१ | ४५५६९० | १९०४९ |
| पाइप खरिद(एच.डि.पि) | ४७५४५८ | १०९५६५ | २३.०४ | ३८९४५२ | ८९७२९ | १११८७० | २२१४० |
| कन्टेन्जेन्सी रकम रु. ३७,६५३।- कट्टी गर्नुपर्नेमा रु. २,३२१।- मात्र कट्टी गरेकोले त्वढी भुक्तानी भएको | | | | | | | ३५३३२ |
| जम्मा | | | | | | | ७८८४२ |
| कुल जम्मा | | | | | | | ३०९७३८ |

# सुझाव

स्थानीय तहद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।